तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान,बागलुङ

पत्र संख्या:२०७९/०८०

गण्डकी प्रदेश, नेपाल

**प्रथम पटक सुचना प्रकाशित मिति : २०७९/०९/२५**

---

## आ.व.२०७९/०८० मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन

आ.व.२०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, तमानखोला गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत आ.व.२०७९/०८० मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि फार्म/कृषक समूह/सहकारीहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात यस तमानखोला गाउँपालिका कृषि विकास शाखामा तोकिएको ढाँचामा (अनुसूची ६,७ र १० अनुसार) आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| **कार्यक्रमको नाम** | **कुल बजेट** | **अनुदान** | बाली /वस्तु | पकेट संचालनका आधारहरु: | कैफियत |
|---|---|---|---|---|---|
| आ.व.२०७९/०८० मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन | रु.१२,००,००० | ५०% | आलु बाली | कम्तीमा ७ हेक्टर क्षेत्रफलमा संचालन गर्नुपर्ने | - |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१)सम्बन्धित निकायमा कृषि फार्म/कृषक समूह/सहकारीहरु दर्ता वा नविकरण/स्थायी लेखा नम्बर कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

२)पकेट माग गर्ने संस्थाहरुको कार्य समितिको निर्णयको प्रतिलिपि ।

३)कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।

४)निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

५)अनुदान दिन उपयुक्त भएको व्यहोरा खुल्ने वडा कार्यलयको सिफारिस ।

६)पूर्ण रुपमा भरिएको अनुसूची ६,७ र १० को फारम । (नोट माथि उल्लेखित सम्पूर्ण अनुसूचीहरु यस कार्यालयको कृषि विकास शाखाबाट प्राप्त गर्न सकिनेछ ।)

ईश्वरलाल शाक्य<br>प्रमुख प्रशासकिय अधिकृत